निर्णयः-

१. आजको बैठकमा प्रत्यायोजित व्यवस्थापन अध्ययन उपसमितिका संयोजक मा.श्री राधेश्याम अधिकारीले उचित आधार र कारण सहित उपसमितिको म्याद थपका लागि अनुरोध गर्नुभयो । उक्त अनुरोध सम्बन्धमा समितिमा छलफल गर्दा उक्त उपसमितिलाई साविकको कार्यक्षेत्रको अतिरिक्त नेपाल सरकार गृह मन्त्रालय र नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा जारी भएका प्रत्यायोजित विधायन समेत अध्ययन गर्न थप कार्यदिश दिने निर्णय गरियो । साथै उक्त उपसमितिको म्याद २०७५ चैत्र मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

२. समितिको हालसम्मको प्रगति समिक्षा गर्दा समितिले हालसम्म सम्पादन गरेका कार्यहरु संतोषजनक नै रहेको पाइयो र आगामी दिनमा समितिका कामकारवाहीहरु थप प्रभावकारी बनाउन सरकारी आश्वासनहरुको कार्यान्वयनका सम्बन्धमा ध्यान दिने निर्णय गरियो ।

३. समितिले राष्ट्रिय महत्वका दस्तावेज अभिलेख व्यवस्थापन सम्बन्धी अध्ययन कार्यदलको कार्यक्षेत्रमा पुरातत्व विभाग, राष्ट्रिय अभिलेखालय, राष्ट्रिय संग्रहालय, केशर पुष्तकालय, राष्ट्रिय पुस्तकालय र सामाजिक विज्ञान(वाहा) पुस्तकालय लगायत कार्यदलले आवश्यक देखेका अन्य स्थानहरुको समेत स्थलगत अध्ययन अनुगमन भ्रमण गर्ने गरी कार्यक्षेत्र थप गर्ने निर्णय गरियो ।

४. अन्त्यमा, सभापतिज्यूले बैठकमा उपस्थित समितिका मा.सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो र समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित गर्नु भयो।